# जोशीपुर गाउँपालिका
# गाउँसभा बैठकमा
## गाउँपालिका उपाध्यक्ष श्री रेखा देवी कठरियाज्यू द्वारा प्रस्तुत
## आर्थिक वर्ष २०७९/०८० को
# बजेट बक्तव्य

जोशीपुर गाउँपालिका
जोशीपुर, कैलाली

१० आषाढ, २०७९

**गाउँ सभाध्यक्षज्यू,**

**जोशीपुर गाउँपालिकाका गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

**र रेडियो सुनेर बस्नु भएका आम जोशीपुर गाउँपालिकाबासीहरु,**

१. वि स २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानिय तहको दोस्रो निर्वाचनमा सार्वभौम जनताको मतबाट निर्वाचित हुनु भएकोमा सम्पुर्ण जनप्रतिनिधि ज्यूहरुमा हार्दिक बधाई दिँदै बजेट तथा कार्यक्रम तर्जुमा समितीको संयोजक तथा गाउँपालिका उपाध्यक्षको हैसियतले जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को बार्षिक बजेट बक्तव्य प्रस्तुत गर्न पाउँदा एकातिर उत्साहित छु भने सिमित स्रोत र साधनबाट जनता सामु गरेको बाचा पुरा गर्नुपर्ने हुँदा चुनौती महसुस गरेको छु।

२. लोकतन्त्रको स्थापना, राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, जनजीवीकाको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

**श्रीमान् सभाध्यक्ष महोदय,**

**श्री सदस्य ज्युहरु**

*चालु आ.व.२०७८\७९ को बजेट नीति तथा कार्यक्रमको समिक्षा*

३. चालु वर्ष २०७८\७९ को जेष्ठ मसान्त सम्म चालु खर्च ६८.६५ प्रतिशत,पूँजिगत खर्च ३८.६७ प्रतिशत खर्च भएको छ।त्यसैगरी गाउँपालिकाको आन्तरिक आम्दानी रु १करोड २३ लाख ४८ हजार ३०६ रहेको छ। बिषय क्षेत्रगत रुपमा आर्थिक विकास तर्फ ३५.५४%, सामाजिक विकास तर्फ ६९.५९%, पुर्वाधार विकास तर्फ ३७.७२%,सुशासन तथा संस्थागत विकास तर्फ ६४.६१% र कार्यालय सञ्चालन तर्फ ६५.५३ % खर्च भएको छ।

४. चालु आ.व. को चैत्र सम्ममा प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत २८४ जनाले औषतमा ७० दिनको रोजगारी प्राप्त गरेका छन् भने सोही अवधिमा १८८४ जना वेरोजगार व्यक्तिहरु सुचिकृत भएका छन्।

५. यस आ.व. मा कृषि तर्फ ३०० कृषकहरुलाई तरकारी मिनिकिट वितरण ,२३० कृषकहरुलाई धानको विउ र जिंक वितरण,७० कृषक समूहलाई गहुँको विउ वितरण,६००० कृषकलाई च्याउको विउ अनुदान वितरण गरिएको छ।

६. चालु आ.व. मा न्यायिक समितिबाट ३८ मुद्दा मध्य १९ वटा मुद्दाको विवाद समाधान गरिएको छ।

७. चालु आ.व. मा जम्मा ९१ वटा अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

८. गाउँपालिका स्तरिय गौरवका आयोजना सुरुवात भएको, सडकहरु कालोपत्रे हुने कार्यको सुरुवात भएको,प्रत्येक वडामा एक सामुदायिक भवन निर्माण गरिएको तथा शिक्षा,स्वास्थ्य,कृषि,विपद व्यवस्थापन लगायतका विषयगत क्षेत्रमा बिभिन्न कार्यक्रम सञ्चालन भएका छन्। त्यसैगरि महिला, दलित,बालबालिका,ज्येष्ठ नागरिकहरुका लागि लक्षित कार्यक्रम समेत सञ्चालन भएका छन्।

९. भूमि सम्बन्धि समस्या सामाधान आयोगसँग पुन सम्झौता भई फाराम भर्न छुट भएकाहरुको लगत संकलन तथा प्रविष्टी गर्ने कार्य अगाडी बढाइ सकिएको छ ।

१०. चालु आ.व. को जेष्ठ मसान्त सम्म ६७% मानिसहरुले कोरोना विरुद्दको दोस्रो डोज भ्याक्सिन लगाएका छन्। त्यसैगरी लामो समय परिवार नियोजन साधनहरुको स्याटेलाइट क्लिनिक संचालन,ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम,PNC घरभेट कार्यक्रम संचालन भएका छन्।

११. चालु आ.व. को चैत्र मसान्त सम्ममा २३ वटा सामुदायिक र १५ वटा संस्थागत विद्यालय रहेका छन्।त्यसैगरी प्रविधिक धार तर्फ १ विद्यालय रहेको जस्मा कृषि बाली विज्ञान पढाइ हुने गरेको छ।त्यसैगरी यस गाउँपालिका भरिका विद्यालयमा जम्मा ६५८४ विद्यार्थी र २२३ जना शिक्षक रहेका छन्।

१२. चालु आ.व.मा तय गरिएका कार्यक्रमहरु मध्ये अधिकांश कार्यक्रमहरु सम्पन्न हुने स्थितीमा छन् भने केही गाउँपालिका स्तरीय योजनाहरु सम्पन्न चरणमा रहेका छन।

**श्रीमान् सभाध्यक्ष महोदय,**

***सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी***

१३. **सोचः** समृद्ध र आत्म निर्भर जोशीपुर गाउँपालिकाको निर्माण गर्ने ।

१४. **लक्ष्यः** आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गर्दै समृद्ध ,समुन्नत र आत्मनिर्भर गाउँपालिकाको निर्माण गर्ने।

१५. **उद्देश्य तथा अपेक्षित उपलब्धीः**

**क.** कृर्षि क्षेत्रको आधुनिकिकरण,विविधिकरण,व्यवसायिकरण र वजारीकरणको व्यवस्था गर्दै कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा विकास गर्दै रोजगारीको आधारको रुपमा विकास गर्ने।

**ख.** उपलब्ध स्रोत-साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको द्रुत आर्थिक विकास गर्ने ।

**ग.** चरम गरिवीको अन्त्य र पिछडिएका क्षेत्र, वर्ग र समुदायको शीघ्र उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित लोक कल्याणकारी राज्य व्यवस्थाको निर्माण गर्ने ।

**घ.** गुणष्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास र अधुरा आयोजनाहरुको कार्यान्वयन गर्ने ।

**ङ.** विधीको शासन, सर्वजानिक सेवा प्रभावकारीता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत नागरिकलाई प्रत्याभूती हुने सुशासन प्रवर्धन गर्ने ।

**च. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र भरपर्दो बनाउन गाउँपालिका र सातै वडाको सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगमा जोड दिने।**

**छ. बिभिन्न समयमा सामना गर्नु पर्ने बाढी,चटयाङ,अतिवृष्टि जस्ता विपदको सामना गर्न संस्थागत क्षमता विकास गर्ने।**

**श्रीमान् सभाध्यक्ष महोदय,**

***मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः***

१६. जनताका प्रतिनिधीलाई जनताप्रति उत्तरदायी र जनतासँग समग्र जोशीपुरको समानुपातिक तथा समावेसी विकासका लागि आर्थिक बर्षको विचमा प्रकट हुने जनताका माग संबोधन गर्न स्रोतको अभाव हुन नदिन यस आ.व. २०७९।८० का लागि 'अध्यक्ष ज्यूके पहुरा कार्यक्रम' र 'महिलानके सँग उपाध्यक्ष कार्यक्रम' तर्जुमा गरेको छु । सो कार्यक्रम कार्यविधीले तोकेको मापदण्ड बमोजिम कार्यन्वयन गर्ने गरी क्रमशः रु. ४७ लाख र रु. २६ लाख साठी हजार विनियोजन गरेको छु ।

१७. जोशीपुर गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको रिंगरोड निर्माण कार्यलाई निरन्तरता दिन लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. विभिन्न विपद्\ प्रकोपको पुर्व तयारी,प्रतिकार्य, र पुनर्स्थापना लगायत राहत उद्दार कार्य व्यवस्था पन गर्न प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरेको छु।

१९. जोशीपुर गाउँपालिका अन्तर्गत वडा स्तरीय योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्न रु ३ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छु ।

२०. गाउँपालिका स्तरिय फोहोरमैला व्यवस्थापन र छाडा चौपाया व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२१. काँढा नदिमा बिभिन्न समयमा आउने बाढीबाट हुने भु-क्षयको समस्या समाधानका लागि काँढा नदिमा तटबन्ध निर्माण गर्नका लागि संघिय समपुरक अनुदानबाट प्राप्त रकम रु २ करोड र गाउँपालिकाबाट रकम रु २ करोड थप गरी रु ४ करोड रकम विनियोजन गरेको छु।

२२. यस जोशीपुर गाउँपालिकाका बिभिन्न गाउँमा रहेका भलमन्सा,चौकिदार,सुडेनीहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

२३. जोशीपुर गाउँपालिकाको पुर्वाधार विकासमा सहयोग हुने गरी जे.सी.बि. खरिद र विरामीहरुलाई सहजता प्रदान गर्न एम्बुलेन्स खरिद गर्न आवश्यक रकम विनियोजन गरेको छु।

२४. भुमी आयोगसँगको सम्झौता बमोजीम भुमिहिन दलित,भुमिहिन सुकुम्बासी र अव्यवस्थित वसोबास क्षेत्रका परिवारलाई लालपुर्जा वितरण कार्यका लागि लगत प्रवृष्टी,कन्ट्रोल पोईन्ट निर्माण र लालपुर्जा वितरण सम्मको काम गर्नलाई आवश्यक रकम विनियोजन गरेको छु।

२५. गाउँपालिका भित्र सञ्चालन हुने क्रमागत योजनाहरुका लागि रु ३ करोड बिनियोजन गरेको छु।

**श्रीमान् सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रुपमा तय गरिएका आयोजना र क्रियाकलापहरु प्रस्तुत गर्न गइरहेको छु ।

***आर्थिक विकास***

२६. आर्थिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने कृषि तथा पशु सेवा क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु.१ करोड ७० लाख विनियोजन गरेको छ ।

**क.** जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरणमा जोड दिदै सहज रुपमा कृषि मल,उन्नत बीउ, रैथाने बीउ, तरकारी किट बीऊ, कृषि औजार, यन्त्र तथा प्रविधिहरु उपलब्ध गराइनेछ ।

**ख.** संघिय सरकारको समन्वयमा “एक गाउँ एक प्राविधिक” कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

ग. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत संघिय ससर्त अनुदानबाट प्राप्त बजेटबाट केरा तथा तरकारीको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।

घ. कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न तथा व्यवसायिक कृषि पेशामा आकर्षण गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

ङ. उत्पादन, आय आर्जन, बाली विकास, व्यवसायिकरण जस्ता विषयमा कृषक क्षमता अभिवृद्धिका लागि व्यवहारिक र उद्यमशीलता केन्द्रित तालिम, कृषक भ्रमण, कृषि जैविक विविधता कार्यक्रम सञ्चालन गरिनेछ।

च. गाउँपालिकामा रहेका खाली सार्वजनिक जग्गामा वृक्षारोपण कार्य सञ्चालन गरी हराभरा गाउँपालिकाको रुपमा विकास गरिनेछ।

छ. कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्याक्रम,कृतिम गर्भाधारण मिसन कार्यक्रम सञ्चालन गरिनेछ।

ज. प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका साथै आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ।

झ. सहकारी क्षेत्रको क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

ञ. गरिबीको रेखामूनि रहेका जनसंख्या, गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ।

ट. कृषी हाटबजार तथा एकीकृत रुपमा व्यवस्थित मासु पसल संचालनमा उत्प्रेरित गरिनेछ।

ठ. विभिन्न प्रकोप तथा संक्रामक रोगको कारणले हुने गरेको पशु धनको क्षतीमा राहत प्राप्तीका लागि पशु वीमा गर्न उत्प्रेरित गरिनेछ ।

ड. गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम,२०७७ बमोजिम लघु उधम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

## ***सामाजिक विकास***

२७. गाउँपालिका स्तरीय सामाजिक विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने शिक्षा, स्वास्थ, महिला तथा बालबालिका, न्यायिक निरुपण, खानेपानी तथा सरसफाई, लक्षित वर्ग लगायत समग्र सामाजिक क्षेत्रको

विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न रु. ३ करोड ७६ लाख विनियोजन गरेको छु ।

क. गाउँपालिकाभरिका जनतालाई सरल , सहज र निशुल्क रुपमा औषधी वितरणका लागि औषधी खरिद गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ख. गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवामा सबैको समतामूलक पहुँच हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ। संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धि नीतिलाई स्थानीयकरण गर्दै क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, महबमारी रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

ग. आम नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँचको अधिकारको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

घ. ग्रामीण क्षेत्रमा लुप्त रोगहरुको पहिचान र निदानका लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि सर्जिकल सामाग्री, औषधी तथा पूर्वाधारको आवश्यक व्यवस्थाका साथै स्वास्थ्यकर्मीहरुको दक्षताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

ङ. पोषण प्रवर्द्धन तथा संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाइनेछ।

च. नेपाल सरकारको विशेष अनुदानमा नमूना पोषण टोलका लागि सघन पोषण कार्यक्रम, पोषण आत्मनिर्भरताका लागि घरघरमा करेसाबारी निर्माण अनुदान, हरेक घरमा फलफूल विरुवा रोपन कार्यक्रम सञ्चालन गरिनेछ।

छ. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँचका लागि पालिका अस्पताल स्थापना गरी दीर्घ रोग तथा अन्य रोग निदान, ल्याब सेवा, एक्स-रे सेवा लगायतका सेवाको सुनिश्चित गरिनेछ।

ज. स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह हुने सेवाहरुलाई सबैको सहज पहुँच, अधिकतम जानकारी र अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कनलाई जोड दिइनेछ। महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन गरिनेछ।

झ. गाउँपालिकालाई पूर्ण खोपयुक्त, मातृ तथा शिशु मृत्युदरलाई शून्यमा झार्न विभिन्न निकायहरुसँगको सहकारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ। किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयमा सूचना केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ।

ञ. स्वास्थ्य संस्था नभएका ४ वटा वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरी तोकिएका स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

ट. जोशीपुर गाउँपालिकालाई स्वास्थ्य वीमा वोर्डसँगको सहकार्यमा पूर्ण स्वास्थ्य विमित पालिका घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

ठ. संघीय सरकार र प्रदेश सरकारसँगको आवश्यक पहल तथा समन्वय गरी सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा वृद्धि गर्न नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धि तालिम सञ्चालन गरिनेछ।

ड. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ।

ढ. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक तथा सरसफाई सामाग्री वितरण, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन तथा बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

ण. सामुदायिक विद्यालयलाई शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपातको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ । साथै स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

त. गाउपालिकाभरिका विद्यालयमा एकिकृत शैक्षिक सूचना प्रणालीको प्रयोगलाई अनिवार्य रुपमा लागु गरिनेछ।

थ. राष्ट्रपति रनिङ शिल्डमा स्थानीय साझेदारी गरी खेलकूद प्रतियोगिताद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा टेवा पुऱ्याइनेछ।

द. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, प्रति विद्यायल एक जना सहायक कर्मचारी र एक जना कार्यालय सहयोगीको सेवा सुविधा नेपाल सरकारले घोषणा गरे बमोजिम अपुग हुने रकम स्थानीय तहको आन्तरिक स्रोतबाट व्यहोरिने व्यवस्था मिलाईनेछ ।

ध. नमूना सरसफाइयुक्त गाउँपालिका निर्माण गर्ने प्रतिवद्धता अनुरुप जोशीपुर गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता र फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्ययोजना सघन रुपमा कार्यान्वयन गरिनेछ।

न. ज्ञान सीप भएर पनि बेरोजगार बस्नु परेका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा आयोजना सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ। साथै वेरोजगारहरुलाई सिपमुलक तालिमको व्यवस्था गरी आत्मनिर्भर र स्वरोजगारी प्रवर्दन गरिनेछ।

ऩ. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ।

प. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्ता

कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकतम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

फ. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी योजना तथा कार्यक्रम ल्याइनेछ। लैंगिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई निर्मुल पारिनेछ।

ब. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ ।

भ. समाजमा रहेका कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ। महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं पालिकास्तरीय महिला सञ्जाल स्थापना गरिनेछ।

म. जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा वित्तीय सुशासन कायम गर्न एकिकृत नगद संकलन तथा विलिङ् प्रणाली लागु गरिने छ।

य. आदिवासी जनजातीहरुको उत्थान, सँस्कृतिक पहिचान, संरक्षण तथा सम्बर्धन गर्नका लागि सरोकारवालाहरुसँग छलफल गरी कार्यक्रम तर्जुमा गरिनेछ ।

र. दलित वर्ग, मुक्त कमैया, भूमीहिन सुकुम्वासी, मुक्त कमलरी, अपाङ्ग, मुस्लिम लगायतका सम्पूर्ण पिछडिएका वर्गलाई स्वरोजगारमुलक बनाई आयआर्जन बढाउने किसिमका सीपमूलक तालिम प्रदान गरि पिछडिएको वर्गको जीवनस्तरमा सुधार ल्याउने नीति लिइनेछ।

ऱ. युवाहरुका लागि पालिका स्तरिय खेलकुद सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

## *पूर्वाधार विकास*

२८. पूर्वाधार विकास क्षेत्र अन्तर्गतको महत्त्वपूर्ण पक्ष मानिने सडक,सडक स्तरोन्नती , तटवन्धन, अन्य सर्वजानिक निर्माण लगायत समग्र पूर्वाधार क्षेत्रको विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न संघिय सशर्त ,संघिय समपुरक,प्रदेश,समपुरक,प्रदेश विशेष अनुदान र गाऊँपालिकाको गरि रु १० करोड विनियोजन गरेको छु।

क. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका आयोजनाहरुमा अधिकतम स्थानीय श्रम र सीपमा जोड दिइनेछ।

ख. भौतिक पूर्वाधार निर्माणका गर्दा दिगो विकासका मान्यतालाई अबलम्बन गर्ने व्यवस्था गरिनेछ।

ग. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ घुसरी काँढा नदि र घैला नालामा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाई पुरा गरिनेछ।

घ. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ। शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ।

ङ. एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि कार्ययोजना बमोजिम हरित गाउँ निर्माण कार्यलाई अगाडी बढाइनेछ।

च. जोशीपुर गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्थापन गरी यथाशिघ्र शुरु गर्न पहल गरिनेछ।

छ. चालु आ.व.मा वडा नं. ४ को भवनबाट सेवा प्रवाह गर्ने कार्यको शुभारम्भ गरिनेछ। वडा नं. ६ मा वडा कार्यालयको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरिने छ।साथै वडा नं.१, २, ३, ५ र ७ मा वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पर्ने बजेट माग गरिनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

## *वातावरण तथा विपद व्यवस्थापन*

२९. विकासको समसामयीक सवाल मध्ये दीगो विकास, विकासका कारण उत्पन्न हुने जोखिम न्यूनिकरणका लागि विपद व्यवस्थापन क्षेत्र विकासका लागि तपसिल बमोजिमका नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

क. प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम बिनियोजन गरेको छु। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामाग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ।

ख. आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। साथै गाउँपालिका भरिका बिभिन्न बजार क्षेत्रमा डस्टविन राख्रे व्यवस्था गरिनेछ।

ग. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु अनुकूलन योजना मार्फत कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न, विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका साथै पूर्व सूचना प्रणाली विकास तथा स्थापनामा जोड दिइनेछ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

घ. हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरेर प्रकोप न्यूनिकरणका माध्ययमबाट कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ।

ङ. काँढा नदीमा तटबन्धन गर्ने व्यवस्था गरिनेछ ।

च. भु उपयोग नीति निर्माण गरिनेछ ।

छ. वातवरणिय सन्तुलनका लागि निजी वन निर्माण कार्यक्रमलाई अगाडी बढाइनेछ।

श्रीमान् सभाध्यक्ष महोदय,

## *संस्थागत विकास, सेवा प्रवाह र सुशासन*

३०. जोशीपुर गाउँपालिकाको कार्यालय सञ्चालन तथा प्रशासन, संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति तथा कार्यक्रम कार्यन्वयन गर्न आवश्यक रकम ९ करोड २४ लाख ७७ हजार रुपैयाँ विनियोजन गरेको छु ।

क. सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ। पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा निरन्तरता आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

ख. गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न विभिन्न संघ संस्था र निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन, आपसी समन्वय र साझेदारी गरिनेछ।

ग. गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाउन ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि तालिमको पनि व्यवस्था गरिनेछ।

घ. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, भ्रमण कार्यक्रमहरु ल्याइनेछ। बजेट विनियोजन तथा योजना छनौटको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

ङ. दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास , समृद्धि र आत्मनिर्भरको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्तीस्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ।

च. स्थानीय तहको न्यायिक निरुपण र मेलमिलाप प्रवर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको स्थापना गरिनेछ ।साथै न्यायिक समितिका सदस्य र कर्मचारीको क्षमता विकासका लागि तालिमको व्यवस्था गरिनेछ।

छ. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त बनाइनेछ। साथै सूचना प्रविधिको प्रयोगलाई बढाई सेवा प्रवाहलाई सरल र सहज बनाइनेछ।

ज. वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाइनेछ। वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुद बनाउदै आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

झ. विषयगत शाखा तथा वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ लागू गरि कार्यपालिका बैठकमा छलफल गरिनेछ ।

ञ. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तय गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ।

ट. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टरको व्यवस्था गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सूचना प्रणालीमा आवद्ध गरिनेछ।

ठ. स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

ड. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा कर्मचारीहरु अनुपस्थित हुने कार्यलाई निरुत्साहित गर्न वडा कार्यालयको अनुगमनको कार्यलाई सघन रुपमा सञ्चालन गरिनेछ।

ढ. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। ती निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाएकोछु ।

श्रीमान् सभाध्यक्ष महोदय,

अब म आ.ब. ०७९।८० को अनुमानित व्यय र स्रोत व्यवस्थापनको खाका प्रस्तुत गर्न गइरहेको छु ।

३१. अनुमानित व्यय तथा स्रोत व्यवस्थापन

| आ.व. २०७९।८० को स्रोत तथा व्यय अनुमान | |
|---|---|
| संघीय वित्तीय समानिकरण | रु. १३ करोड ३७ लाख |
| प्रदेश वित्तीय समानिकरण | रु. ९५ लाख ४८ हजार |
| संघीय राजश्व बाँडफाँड | रु. ९ करोड २४ लाख ७७ हजार |
| प्रदेश राजश्व बाँडफाँड | रु. २६ लाख ६० हजार |
| संघीय सर्शत अनुदान | रु. १८ करोड १६ लाख |
| प्रदेश सर्शत अनुदान | ० |
| आन्तरिक आय | रु. १ करोड ६१ लाख २५ हजार ५०० सय |
| संघीय समपूरक अनुदान | रु. २ करोड |
| प्रदेश समपूरक अनुदान | २५ लाख |
| प्रदेश विषेश अनुदान | २५ लाख |
| अ.ल्या. | २ करोड |
| जम्मा | रु.४८ करोड ११ लाख १० हजार ५ सय |

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान (२०७२) मा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक बजेट बक्तव्य सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको बजेट यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका सभाध्यक्ष महोदय, सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !